# स्थानिय  राजपत्र

मैवाखोला गाउँपालिकाद्धारा प्रकाशित

खण्ड (१) साँघु, भाद्र ६ गते २०७९ साल (संख्या ६)

भाग- २

## मैवाखोला गाउँपालिका नमुना विद्यालय विकास एवं सञ्चालन कार्यविधि -२०७९

कार्यपालिकाबाट स्वीकृत मितिः२०७९।०५।०६

राजपत्रमा प्रकाशित मितिः२०७९।०६।०५

# मैवाखोला गाउँपालिका नमुना विद्यालय विकास एवं सञ्चालन कार्यविधि, २०७९

मैवाखोला गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

साँघु, ताप्लेजुङ

**गाउँपालिकाबाट स्वीकृत मितिः २०७९।०५।०६**

## मैवाखोला गाउँपालिका नमुना विद्यालय विकास एवं सञ्चालन कार्यविधि -२०७९

**प्रस्तावना**

सार्वजनिक विद्यालयमा समान शैक्षिक पहुँच, नवीनतम सूचना प्रविधिको अधिकतम प्रयोगसहित आधुनिक शिक्षण विधिमार्फत शैक्षिक गुणस्तर तथा जवाफदेही व्यवस्थापन सुनिश्चित गरी सुशासनका पक्षहरूलाई प्रभावकारी बनाई प्रवर्तनात्मक अभ्यासमार्फत विद्यार्थीहरूको सिकाइ उपलब्धि उच्च बनाउँदै विद्यालयको भौतिक तथा शैक्षिक पक्षको विकास गर्दै सार्वजनिक विद्यालयलाई अभिभावक तथा बालबालिकाको पहिलो रोजाईको विद्यालयको रूपमा विकास गर्न तथा विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिमा नेतृत्वदायी भूमिका खेल्न सक्ने विद्यालयको आवश्यकता देखिएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि निर्माण गरिएको हो।

### परिच्छेद १

१. संक्षिप्त नाम र प्रारम्भः १.१ यो कार्यविधिको नाम 'नमुना विद्यालय विकास एवम् सञ्चालन कार्यविधि, २०७९' रहेको छ।

१.२ यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

१.३ यो कार्यविधि नमुना विद्यालय विकासका लागि गाउँपालिकाले छनौट गरेको विद्यालयको हकमा मात्र लागु हुनेछ।

### परिच्छेद २

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा

२.१ "**नमुना विद्यालय**" भन्नाले यो कार्यविधि बमोजिम छनौट भई तोकिए अनुसारको भौतिक तथा शैक्षिक पूर्वाधार पूरा भएका माध्यमिक विद्यालय सम्झनु पर्छ।

२.३ "**कार्यसम्पादन करार**" भन्नाले नमुना विद्यालयका लागि छनौट भएका विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बीच भएको विद्यालय सुधार र व्यवस्थापन सम्बन्धी सम्झौतालाई समेत जनाउनेछ।

२.६ "**प्रधानाध्यापक**" भन्नाले यस कार्यविधिमा उल्लेख भएअनुसार करारमा नियुक्त भएका प्रधानाध्यापक सम्झनु पर्दछ।

## परिच्छेद ३
## उद्देश्य

यो कार्यविधि जारी गर्नुका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

३.१ नमुना विद्यालयको छनौट, विकास, सञ्चालन तथा व्यवस्थापनका लागि मार्गदर्शन गर्नु,

३.२ गुणस्तरीय तथा समतामूलक शिक्षामा बालबालिकाहरूको सहज पहुँचको आधार तयार गर्नु,

३.३ विद्यालयको शासकीय प्रबन्धमा विशेष व्यवस्था गरी उच्च नतिजाका लागि प्रोत्साहन गर्नु,

३.४ गुणस्तरीय शिक्षाका लागि विद्यालयहरू बीच प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्नु,

३.५ विद्यालयहरूको सक्षमतामा सुधार गरी रूपान्तरणको गतिलाई तीव्रता प्रदान गर्नु ।

## परिच्छेद ४

## नमुना विद्यालय छनौटका आधार तथा प्रक्रिया

### ४.१ नमुना विद्यालय छनौटका आधारहरू देहाय बमोजिम हुनेछन्

**नमुना विद्यालय छनौटका आधार देहाय बमोजिम हुनेछन्**

क) मैवाखोला गाउँपालिकाका सामुदायिक विद्यालयहरू मध्येबाट १ वटा माध्यमिक विद्यालय छनौट गरिनेछ ।

ख) नमुना विद्यालय सञ्चालनका लागि छनौट भएका विद्यालयहरूको स्थलगत सर्वेक्षण गरी शैक्षिक तथा भौतिक पूर्वाधार विकासका लागि गुरुयोजना तयार गरिनेछ । गुरुयोजनाका आधारमा क्रमशः ५ वर्षभित्र नमुना विद्यालयको रूपमा विकास गरिनेछ ।

### ४.२ नमुना विद्यालय छनौटका न्यूनतम शर्तहरू देहायबमोजिम हुनेछन्

यो कार्यविधिमा उल्लेख भए अनुसारको प्रक्रिया तथा मापदण्डका आधारमा नमुना विद्यालय विकास गर्न विद्यालय छनौटका लागि निम्न पूर्वाधार हुनुपर्नेछ ।

**क) माध्यमिक विद्यालय हुनुपर्नेः** माध्यमिक तह सञ्चालन भएका सार्वजनिक माध्यमिक विद्यालय हुनुपर्नेछ ।

**ख) पर्याप्त जग्गा भएको हुनुपर्नेः** नमुना माध्यमिक विद्यालयका रूपमा विकास गर्न प्रचलित मापदण्ड बमोजिमका भौतिक र शैक्षिक पूर्वाधार निर्माणका लागि विद्यालय हाता वा हाता नजिक रहेको न्यूनतम १० रोपनी जग्गा हुनुपर्नेछ । विद्यालयको हातासँग जोडिएको जग्गा बाहेक अन्य जग्गाको हकमा बढीमा ५०० मिटर सम्मको दूरीको जग्गालाई पनि मूल्याङ्कन कायम गरिनेछ ।

**ग) विद्यालय सुरक्षित स्थानमा रहेको हुनुपर्ने**: विद्यालयको भौगोलिक अवस्थिति बाढी, पहिरो, भूक्षय लगायत प्राकृतिक प्रकोपका दृष्टिले जोखिमपूर्ण स्थानमा नरहेको हुनुपर्ने छ। कुनै विद्यालय जोखिमपूर्ण स्थानमा छ वा छैन भन्ने विवाद उत्पन्न भएमा गाउँ विपद व्यवस्थापन समितिको मूल्याङ्कनको आधारमा टुङ्गो लगाउनुपर्ने छ।

**घ) लिखित प्रतिवद्धता र सिफारिस पेस गर्नुपर्ने**: गाउँपालिकाबाट समय समयमा प्राप्त हुने मार्गदर्शन अनुरूप कार्य गर्ने विद्यालय व्यवस्थापन समितिको प्रतिबद्धता सहितको निर्णय पेस भएको हुनु पर्नेछ। **ङ) विद्यार्थी सङ्ख्या**: नमुना विद्यालयका लागि छनौट हुने विद्यालयमा शिक्षा नियमावलीले तोके बमोजिमको कक्षागत न्यूनतम विद्यार्थी सङ्ख्याको कुल योग पुगेको हुनुपर्ने छ।

**अन्य शर्तहरू:**

1. विद्यालय व्यवस्थापन समिति गठन भई क्रियाशील रहेको,
2. विद्यालयले सामाजिक परीक्षण र लेखा परीक्षण वार्षिक रूपमा तोकिएकै समयमा सम्पन्न गरेको,
3. तोकिएको समयमा विद्यालयको तथ्याङ्क सम्बन्धित निकायमा पेस गरेको।

### ४.३ छनौट प्रक्रिया

### ४.३.१ नमुना विद्यालय छनौटका लागि देहाय बमोजिमका प्रक्रियाहरू अपनाइनेछ:

क) मैवाखोला गाउँपालिकाले नमुना विद्यालयको विकासका लागि विद्यालय छनौट गर्नेछ।

ख) मैवाखोला गाउँपालिकाको नमुना विद्यालय छनौट समितिले अनुसूची २ मा उल्लिखित आधारमा प्रारम्भिक मूल्याङ्कन गर्नुपर्नेछ।

ग) सत्यापन गराउनु पर्नेछ।

घ) छनौट भएका विद्यालयको जानकारी शिक्षा, युवा तथा खेलकुद शाखामार्फत सम्बन्धित विद्यालयलाई दिनुपर्ने छ।

ङ) विद्यालय छनौट सम्बन्धी उजुरी तथा गुनासोहरू सुनुवाइको व्यवस्था शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत् अगाडि बढाइने छ भने अन्तिम निर्णय मैवाखोला गाउँपालिकाको हुनेछ।

### ४.४ छनौट भएको विद्यालयले ध्यान दिनुपर्ने प्रक्रियागत कुराहरू

क) आवेदन दिएको विद्यालयलाई नमुना विद्यालयको रूपमा विकास गर्न छनौट भएको जानकारी छनौट गर्ने निकायले दिए पश्चात विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र शिक्षक स्टाफको संयुक्त बैठक बसी यसै कार्यविधि बमोजिमका प्रक्रिया र आधारहरू तथा पछि समय समयमा प्राप्त हुने मापदण्ड र निर्देशिका बमोजिम काम गर्ने प्रतिबद्धता सहितको निर्णय गराई गाउँपालिकामा पेस गर्नुपर्नेछ।

ख) गाउँपालिकाको सहमति प्राप्त भएपछि नमुना विद्यालय सञ्चालनका लागि छनौट भएका विद्यालयहरूको स्थलगत सर्वेक्षण गरी गराई शैक्षिक तथा भौतिक पूर्वाधार विकासका लागि लागत अनुमान सहितको एक गुरुयोजना तर्जुमा गर्नु पर्नेछ। गुरुयोजनाका आधारमा ५वर्षभित्र नमुना विद्यालयको रूपमा विकास गरिनेछ।

## परिच्छेद ५

## नमुना विद्यालयको पूर्वाधार विकास

### १ नमुना विद्यालयका लागि आवश्यक शैक्षिक पूर्वाधार

क) विद्यालय सञ्चालनका लागि आवश्यक पर्ने सबै तह र विषयका तथा विशेष आवश्यकता भएका बालबालिकाका लागि समेत तालिम प्राप्त शिक्षकहरूको व्यवस्था गरिनेछ।

ख) शिक्षण सिकाइ प्रक्रिया अपनाउँदा आधुनिक शिक्षण विधि र प्रविधि सहितको सिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ।

ग) विशेष आवश्यकता भएका बालबालिकाहरूलाई समेत मध्यनजर गरी शिक्षण सिकाइका लागि आवश्यक पर्ने उपयुक्त र पर्याप्त सिकाइ सामग्रीको व्यवस्था गरिनेछ।

घ) आधारभूत तहका विद्यार्थीहरूका लागि पूर्वव्यावसायिक सीपका अवसरहरू उपलब्ध गराइनेछ।

ङ) स्थानीय पाठ्यक्रम प्रारूपका आधारमा स्थानीय परिवेश र आवश्यकता अनुसारका पाठ्यक्रम विद्यालय आफैँले तयार गरी कार्यान्वयनमा ल्याउनु पर्नेछ।

च) विद्यालयले सिकाइ, व्यवस्थापन तथा प्रवर्तनात्मक कार्यहरूको अनुभव आदन प्रदान गर्न आफ्नो सेवा भित्रका अन्य विद्यालयहरू बीच सञ्जाल निर्माण गर्नुपर्नेछ साथै अन्य नमुना विद्यालयहरू बीच समेत सञ्जाल निर्माण गर्न सक्नेछ।

छ) विद्लयालयले प्रत्येक वर्ष विद्यार्थी, शिक्षक तथा अभिभावक सहितको शैक्षिक अध्ययन, अवलोकन भ्रमण गराउनु पर्नेछ।

ज) शिक्षण सिकाइमा सूचना प्रविधिको अधिकतम प्रयोग गर्नुपर्नेछ। गणित, विज्ञान जस्ता विषयमा सूचना तथा प्रविधिमा आधारित अनलाइन अफलाइन विद्युतीय सिकाइ स्रोत सामग्रीहरूको प्रबन्ध गरिनेछ।

झ) विद्यालयको आफ्नो अध्यावधिक वेभ साइट र विद्युतीय सामाजिक सञ्जाल हुनेछ। विद्यालयका सम्पूर्ण गतिविधि वेभ साइट तथा यस्ता सञ्जाल मार्फत सार्वजनिक गर्नुपर्नेछ।

ञ) शिक्षण सिकाइ क्रियाकलापका लागि पर्याप्त सिकाइ सामग्रीको व्यवस्था भएको हुनुपर्ने छ।

ट) विद्यालयले निर्माणात्मक र निरन्तर मूल्याङ्कन पद्धतिलाई प्रभावकारी रूपमा लागू गर्नुपर्नेछ।

५.२ **नमुना विद्यालयका लागि आवश्यक भौतिक पूर्वाधारः** नमुना विद्यालयको लागि आवश्यक भौतिक पूर्वाधारहरू देहाय बमोजिम हुनेछ । पूर्वाधार पूरा गर्दा पाठ्यक्रम, प्रचलित नियम तथा मापदण्ड अनुसार गर्नुपर्नेछ ।

क) **शिक्षण भवन तथा कक्षाकोठाः** बालमैत्री, अपाङ्गमैत्री, विपद प्रतिरोधात्मक साथै तोकिएको मापदण्ड अनुसार कक्षाकोठाको सङ्खया र पूर्वाधार उपलब्ध हुनेछ । आधुनिक शिक्षण पद्धति अनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सकिने गरी कक्षाकोठा व्यवस्थित गरिनेछ । प्रारम्भिक बालशिक्षा कक्षाका लागि बालमैत्री राष्ट्रिय प्रारूप बमोजिमका पर्याप्त खेल तथा सिकाइ सामग्री सहितको छुट्टै कोठाको व्यवस्था हुनेछ ।

ख) **प्रशासनिक भवनः** प्रधानाध्यापक, शिक्षक एवम् कर्मचारीका लागि छुट्टै प्रशासकीय भवन वा ब्लकको व्यवस्था हुनेछ,

ग) **आवासीय सुविधाः** विद्यालयको आवश्यकतानुसार अधिकतम दुईसय जना विद्यार्थीहरूका लागि आवासीय प्रबन्ध हुनु उपयुक्त मानिनेछ । छात्राबासमा बसी अध्ययन गर्ने विद्यार्थीका लागि प्रचलित मापदणड अनुसारको सुविधा उपलब्ध गराइनेछ ।

घ**) पुस्तकालयः** आधारभूत तह र माध्यमिक तहका लागि सबै विषय क्षेत्र समेटिएका छुट्टाछुट्टै पुस्तकालयको व्यवस्था हुनेछ । पुस्तकालयलाई क्रमशः विद्युतीय पुस्तकालयको रूपमा विकास गर्दै लगिनेछ ।पुस्तकालयमा ल्याङ्ग्वेज किटको समेत व्यवस्था हुनेछ ।

ङ) **प्रयोगशालाः** विज्ञान विषय तथा प्राविधिक धारतर्फका विषय क्षेत्रअनुसार सबै विद्यार्थीहरूको सहज पहुँच हुने गरी छुट्टाछुट्टै प्रयोगशालाको व्यवस्था हुनेछ । सूचना तथा सञ्चार प्रविधि प्रयोगशालामा नेटवर्किङको व्यवस्थासहित प्रोजेक्टर लगायतका उपकरण र कम्तीमा ४० सेट कम्प्युटरको व्यवस्था गरिनेछ ।

च) **विद्यालय सङ्ग्रहालयः** स्थानीय भूगोल र समुदायको अध्ययन गराउने हेतुले कला, धर्म, संस्कृति, संस्कार, जीवनशैली, भेषभूषा, इतिहास, स्थानीय भौगर्भिक वस्तुहरू र परम्परागत प्रविधि जस्ता स्थानीय परिवेश झल्किने गरी विद्यालयमा एउटा सङ्ग्रहालय कक्षको व्यवस्था गरिनेछ ।

**छ) प्राथमिक उपचार तथा परामर्श कक्षः** विद्यार्थीहरूको प्राथमिक उपचारका लागि आवश्यक स्वास्थ्य सामग्रीसहितको छुट्टै प्राथमिक उपचार कक्षको व्यवस्था गरिनेछ । स्वास्थ्य सेवा उपलब्ध गराउन एकजना स्वास्थ्य सेवाका बारेमा अभिभावक तथा विद्यार्थीहरूलाई निरोधात्मक, उपचारात्मक एवम् सचेतनामूलक स्वास्थ्य सेवा उपलब्ध गराइनेछ । विद्यार्थीको आवश्यकतानुसार ह्वील चेयर र स्ट्रेचर, प्राथमिक उपचार बाकस आदिको समेत व्यवस्था गरिनेछ । साथै विद्यार्थीहरूको लागि शैक्षिक परामर्श तथा मनोसामाजिक परामर्शका लागि परामर्श कक्षको व्यवस्था गरिनेछ ।

**ज) व्यवसायिक कार्यशाला कक्षः** विद्यालयको आवश्यकतानुसार विद्यार्थीहरूलाई विद्यालय तहदेखि नै व्यवसायिक सीपतर्फ उन्मुख गराउनका लागि स्थानीय सम्भाव्यतामा आधारित विभिन्न पूर्व व्यवसायिक क्रियाकलापहरू सञ्चालन गरिनेछ । यसका लागि एक छुट्टै कार्यशाला कक्षको व्यवस्था गरिनेछ ।

**झ) खानेपानी सरसफाइ तथा स्वच्छता सुविधाः** विद्यालयमा सबै विद्यार्थी तथा शिक्षकहरूका लागि कम्तीमा ४० जना बराबर एउटा धारा हुने गरी सुरक्षित भण्डारण सहितको पर्याप्त तथा स्वच्छ पानीको व्यवस्था गरिनेछ । ४० जना विद्यार्थी बराबर एउटा हुने गरी छुट्टाछुट्टै बालमैत्री, लैङ्गिक मैत्री, अपाङ्गमैत्री शौचालय तथा वातावरण मैत्री विद्यालयको व्यवस्था गरिनेछ ।

**ञ) चमेना गृहः** विद्यालयको हाताभित्र एकपटकमा एकसय जना विद्यार्थीले प्रयोग गर्न सक्ने चमेनागृहको व्यवस्था गरिनेछ । आवासीय भवनका लागि भान्छाकोठा तथा खाना खाने कोठा छुट्टाछुट्टै व्यवस्था गरिनेछ । आवासीय रूपमा रहने विद्यार्थी तथा अन्य विद्यार्थीहरूका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्य सामग्री समेत प्रयोग गरी सन्तुलित तथा पोषणयुक्त खाना तथा खाजाको व्यवस्था हुनेछ ।

**ट) अडोटोरियम हलः** विद्यालयस्तरमा हुने सभा सम्मेलन, सांस्कृतिक कार्यक्रम र आन्तरिक खेलकुद लगायतका क्रियाकलापहरू सञ्चालनका लागि आवश्यकतानुसार विद्यालयमा कम्तीमा दुईसय जना क्षमता भएको एक अडिटोरियम हलको व्यवस्था गरिनेछ ।

**ठ) घेराबार तथा बगैँचाः** विद्यालयको हातामा सुरक्षित, बालमैत्री र वातावरण मैत्री घेराबार हुनेछ । हरित विद्यालयको घेराबार हरित विद्यालयको अवधारणा प्रवर्द्धन गर्ने हुनु पर्नेछ । साथै विद्यालय हातामा करेसाबारी तथा फूलबारी सहितको बगैँचा हुनेछ । विद्यालयको हाताको कूल क्षेत्रफलको कम्तीमा बीस प्रतिशत क्षेत्र हरियाली क्षेत्र हुनेछ ।

**ड) खेलकुद मैदानः** भलिबल, टेबलटेनिस र सम्पूर्ण विद्याथीहरूलाई एकैपटक एसेम्ली गर्न पुग्ने तथा सम्भव भएसम्म फुटबल लगायतका अन्य खेलहरू खेल्नका लागि उपयुक्त खेलमैदान हुनेछ

**ढ) वैकल्पिक विद्युतीय व्यवस्थाः** विद्यालयमा सम्पूर्ण विद्युतीय उपकरण निरन्तर सञ्चालनका लागि आवश्यक वैकल्पिक उर्जा प्रणालीको व्यवस्था गरिनेछ ।

**५.३ नमुना विद्यालयको लागि आवश्यक सुशासनका पक्षहरूः**

**५.३.१ नमुना विद्यालयको लागि आवश्यक सुशासनका पक्षहरू देहाय बमोजिम हुनेछन्**

क) विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना तयार गर्नेछ ।

ख) विद्यालयले विद्यालयको कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय लगायत विद्यालय हातामा हुने सबै गतिविधिहरूको अनुगमन गर्न सकिने गरी सिसि टिभीको व्यवस्था मिलाउनुपर्नेछ ।शिक्षक तथा

कर्मचारीको हाजिरी विद्युतीय रुपमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ। विद्यालयमा TST फारम प्रयोग गर्नका लागि अनिवार्य गरिनेछ।

ग) विद्यालयले विद्यालय सुधार योजना बनाउनु पर्नेछ र त्यसलाई हरेक वर्ष अद्यावधिक गरी सोहीअनुसार विद्यालयको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा तथा कार्यान्वयन गर्नुपर्नेछ।

घ) विद्यालयले विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि विनियम तयार गरी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ।

ङ) विद्यालयले शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट स्वीकृत साधनका आधारमा वार्षिक कार्यसम्पादन अवस्थाको स्वमूल्याङ्कन गरी अभिभावक भेला मार्फत सार्वजानिक गर्नुपर्नेछ।

च) विद्यालयले तोकिए बमोजिम सामाजिक तथा लेखा परीक्षण गर्नुपर्नेछ।

छ) विद्यालयले प्रत्येक त्रैमासिक परीक्षाको सिकाइ उपलब्धिको विवरण शिक्षक अभिभावक बैठक गरी विवरण तथा विद्यार्थीहरूको सिकाइ उपलब्धि सुधारका लागि परामर्श दिनु पर्नेछ।

ज) विद्यालयको समग्र व्यवस्थापन हेर्ने अधिकार सम्पन्न प्रधानाध्यापकको व्यावस्था हुनेछ । सहायक प्रधानाध्यापक तथा आवश्यकता अनुसार विषय प्रमुखको व्यावस्था प्रधानाध्यापकले तोकेअनुसार हुनेछ।

झ) विद्यालयमा बालक्लव, स्काउट जुनियर रेडक्रस सर्कल गठन गर्नु पर्नेछ।

ञ) विद्यालयले विपद् व्यावस्थापन योजना बनाई सोको कार्यान्वयन गर्नुपर्नेछ।

ट) विद्यालयका सवै गतिविधिहरूमा अभिभावकहरुको पहुँच, सहभागिता, पारदर्शिता, जवाफदेहिताको सुनिश्चितता गरिनेछ।

**५.३.२ विद्यालयले देहाय बमोजिमका प्रतिवेदनहरू नियमित तथा आवधिक रूपमा सम्प्रेषण गर्नुपर्नेछ।**

क) अभिभावक तथा विद्यार्थीलाई दिनुपर्ने प्रत्येक विद्यार्थीको सिकाइ उपलब्धि सम्बन्धी प्रगति विवरण,

ख) अभिभावक भेलामा पेश गरिने विद्यालय प्रतिवेदन,

ग) लेखा परीक्षण प्रतिवेदन,

घ) सामाजिक परीक्षण प्रतिवेदन,

ङ) विद्यार्थीको सिकाई उपलब्धि र विद्यालयको कार्यसम्पादन परीक्षणको प्रतिवेदन,

च) सह तथा अतिरिक्त क्रियाकलाप सम्बन्धी प्रतिवेदन,

छ) शैक्षिक तथ्याङ्क,

ज) विद्यालय विकास गुरुयोजना तथा विद्यालय सुधार योजनाको वार्षिक कार्यान्वयनको प्रतवेदन।

झ) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रतिवेदन ।

५.४ यस परिच्छेदमा व्यवस्था भएबमोजिम विद्यालय छनौट भएको छ महिनाभित्र प्रारम्भ गरिने छ ।

## परिच्छेद ६

## विद्यालय सञ्चालन तथा व्यवस्थापन

**६.१ नमुना विद्यालय विकासका लागि विद्यालय छनोट योजना निर्माण तथा कार्यान्वयनमा आवश्यक समन्वय र निर्देशनका लागि देहाय बमोजिमको नमुना विद्यालय निर्देशक समिति रहनेछः**

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) सामाजिक विकास समिति संयोजक | सदस्य |
| घ) स्वास्थ्य शाखा संयोजक | सदस्य |
| ङ) शिक्षा प्रेमी, वुद्धिजिवीबाट समितिले तोकेको १ जना | सदस्य |
| च) योजाना शाखा प्रमुख वा निजले तोकेको व्यक्ति | सदस्य |
| छ) शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

समितिको बैठकमा सम्बन्धित विषयका विज्ञ एवम् प्राविधिक काम हेर्ने व्यक्तिहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

**६.२ नमुना विद्यालय निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

- नमुना विद्यालय छनौट, विकास, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था गर्ने तथा आवश्यक मार्गदर्शन गर्ने,
- नमुना विद्यालयको विकासका लागि विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी एवम् गैर सरकारी संस्थाहरूसँग समन्वय गर्ने,
- नमुना विद्यालय सञ्चालन तथा वयवस्थापनका लागि निश्चित मापदण्ड बमोजिम आवश्यक पर्ने भौतिक तथा शैक्षिक व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्था गर्ने,
- नमुना विद्यालयको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति तथा अन्य सरोकारवाला निकायहरुलाई आवश्यक निर्देशन दिने,
- नमुना विद्यालयको नियमित अनुगमन तथा निरीक्षण गरी, गराई आवश्यक निर्देशन दिने ।

## ६.३ मैवाखोला गाउँपालिकाको भूमिका

गा.पा. क्षेत्रभित्र सञ्चालन हुने नमुना विद्यालयको व्यवस्थापन, रेखदेख र सञ्चालन गर्न गाउँपालिकाको भूमिका देहाय बमोजिम हुनेछः

क) नमुना विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अध्यावधिक गराउने तथा त्यस्तो योजनाको अनुगमन गरी सुझाव दिने,

ख) विद्यालय व्यवस्थापन समितिलाई स्थानीय स्रोत साधनको पहिचान र परिचालनमा सहयोग पुर्याउने,

ग) गरिबीको रेखामुनि रहेका बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने,

घ) आफ्नो क्षेत्रभित्र सञ्चालित नमुना विद्यालय व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने र शिक्षाको गुणात्मक विकासका लागि विद्यालयको सुपरिवेक्षण, अनुगमन गरी प्रधानाध्यापक, शिक्षक र व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने।

ङ) छनौट भएका नमुना विद्यालयको गुरुयोजना स्वीकृति कार्यान्वयनका लागि स्रोत व्यवस्थापन र कार्यान्वयनको अनुगमन गर्ने,

च) विद्यालयस्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन गराउने र सोका लागि विद्यालयहरूलाई प्रोत्साहन गर्ने,

छ) नमुना विद्यालय विकास तथा सञ्चालन सम्बन्धमा गाउँपालिका र विद्यालय व्यवस्थापन समिति बीच करार सम्झौता गर्ने,

## ४.६ विद्यालय व्यवस्थापन समिति

नमुना विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नका लागि प्रचलित सङ्घीय शिक्षा ऐन र नियमावली र गाउँपालिकाको शिक्षा ऐन र नियमावलीमा भएको व्यवस्था बमोजिमकै विद्यालय व्यवस्थापन समिति रहनेछ । समितिको काम कर्तव्य र अधिकार शिक्षा ऐन र नियमावलीमा तोकिएको अतिरिक्त देहाय बमोजिम हुनेछ।

क) यस निर्देशिकाको अनुसूची ७ र ८ बमोजिम करारमा प्रधानाध्यापक नियुक्ति गर्ने,

ख) विद्यालय विकासका लागि गुरुयोजना तयार गरी स्वीकृतिका लागि गाउँपाकिकामा पेश गर्ने र स्वीकृत गुरुयोजना कार्यान्वयन गर्ने,

ग) विद्यालयमा रिक्त रहेको शिक्षक दरबन्दीमा नियुक्ति गर्दा विद्यार्थी सङ्ख्याको आधारमा विषयगत रूपमा शिक्षक व्यवस्थापन गर्ने,

घ) आफ्नो विद्यालयको वार्षिक रूपमा स्वमूल्याङ्कन गरी विद्यालय सुधार योजना अध्यावधिक गर्ने,

ङ) विद्यार्थी सिकाइका लागि आवश्यक प्रयोगात्मक स्रोत साधनको व्यवस्था गर्ने,

च) विद्यालय विकास तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न उपसमिति बनाई जिम्मेवारी बाँडफाँड गर्ने,

छ) आवश्यकतानुसार विद्यार्थी आवासको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने,

ज) विद्यालयभित्र विद्यालय स्वास्थ्य कार्यक्रम र प्राथमिक उपचारको व्यवस्था गर्ने,

झ) निर्देशिकामा तोकिए बमोजिम वार्षिक रूपमा सामाजिक परीक्षण गर्ने,

ञ) भर्ना भएका बालबालिकालाई टिकाई राख्ने वातावरण सृजना गर्ने,

ट) विद्यालयमा प्राप्त हुने आवासीय छात्रावृत्ति, विपन्न लक्षित छात्रावृत्ति लगायतका विभिन्न छात्रावृत्ति वितरण गर्ने ।

**खरिद एकाई सम्बन्धी व्यवस्था**

विद्यालयलाई आवश्यक पर्ने सामग्री खरिदका लागि आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम खरिद एकाइ गठन गरी विद्यालयस्तरको खरिद सम्बन्धी प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ । उक्त समितिले आवश्यक परेमा थप कार्यविधि आफैँले तयार गर्न सक्नेछ ।

**शिक्षक अभिभावकसँग**

नमुना विद्यालयमा शिक्षा ऐन तथा नियमावलीमा उल्लेख भए बमोजिम शिक्षक अभिभावक सङ्घ रहने छ ।

**६.७ विद्यार्थी भर्नाका आधार**

**६.७.१ विद्यार्थी भर्नाका लागि देहायको आधार लिइनेछः**

क) विद्यालयको सेवा क्षेत्र भित्रका प्रारम्भिक बालविकास उमेर समूहको बालबालिकाका हकमा १५ मिनटको पैदल दुरीसम्मका,

ख) आधारभूत तहका उमेर समूहका बालबालिका ३० मिनेटको पैदल दुरीसम्मका,

ग) माध्यमिक तहका उमेर समूहका बालबालिका ६० मिनेटको पैदल दुरीसम्मका,

माथि उल्लेख भए अनुसारका बालबालिकाहरूलाई अनिवार्य रूपमा भर्ना गर्नु पर्नेछ। विद्यालयको क्षमताअनुसार थप विद्यार्थी भर्ना गर्दा प्रवेश परीक्षा सञ्चालन गरी सोको आधारमा भर्ना गर्नुपर्नेछ।

**६.७.२ आवासीय विद्यार्थी छनौटका आधार**

**अ.** कक्षा ६ देखि माथि अध्ययन गर्ने विपन्न, विशेष प्रतिभावान र लक्षित समूहका बालबालिकाका लागि आवासीय रूपमा पठन पाठनको व्यवस्था हुनेछ।दैनिक दुई घण्टाभन्दा कम पैदल हिँडेर विद्यालय जानु आउनु पर्ने विद्यार्थीहरू मध्येबाट पचास प्रतिसत छात्रा हुने गरी निम्नानुसार छनौट गर्नु पर्नेछ।

क) आर्थिक रूपमा विपन्नका लागि तीस प्रतिशत,

ख) लक्षित समूहका बालबालिकाहरूका लागि तीस प्रतिशत,

ग) अपाङ्गता भएका बालबालिकाहरूका लागि पाँच प्रतिशत,

घ) विशेष प्रतिभावान बालबालिकाहरूका लागि पन्ध्र प्रतिशत।

**आ.** दैनिक दुई घण्टाभन्दा कम पैदल हिँडेर विद्यालय जानु आउनु पर्ने विद्यार्थीहरू मधयेबाट विपन्न; विशेष प्रतिभावान र लक्षित समूहका बालबालिकाका लागि बीस प्रतिशत कोटा निर्धारण गर्नुपर्ने छ।

**६.७.३ छात्रावृत्तिका लागि विद्यार्थी छनौटका आधार**

नमुना विद्यालयले आवासीय छात्रावृत्ति उपलब्ध गराउन विद्यार्थी छनौट प्रयोजनका लागि शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्रले निर्धारण गरेको **विद्यालय छात्रावृत्ति व्यवस्थापन निर्देशिका २०७३** बमोजिम गर्नुपर्नेछ।

**परिच्छेद-७**

**पाठ्यक्रम सम्बन्धी व्यवस्था**

**नमुना विद्यालयको पाठ्यक्रम सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ।**

**७.१ नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोग गर्नुपर्नेछ।**

**७.२** राष्ट्रिय पाठ्यक्रम प्रारुपमा व्यवस्था भएका बहुविषय अध्ययनका लागि आवश्यक व्यवस्था मिलाई विज्ञान विषय समूह, प्राविधिक तथा व्यवसायिक विषय समूह र भाषा विषय समूह लगायतका विषय समूहबाट छनौटको अवसर प्रदान गर्नुपर्ने छ।

## परिच्छेद-८

## शिक्षक तथा कर्मचारी व्यवस्थापन

### ८. नमुना माध्यमिक विद्यालयमा शिक्षक तथा कर्मचारी व्यवस्था देहायबमोजिम हुनेछः

### ८.१ प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः-

प्रधानाध्यापकको व्यवस्था निम्नानुसार हुनेछः

क) विद्यालयमा एकजना प्रधानाध्यापक करारमा नियुक्ति गरिनेछ,

ख) विद्यालय विकास प्रस्ताव माग गरी उक्त प्रस्तावको मूल्याङ्कनका आधारमा प्रधानाध्यापक पदमा करार गरिनेछ उक्त करारको अवधि पाँच वर्षको हुनेछ,

ग) कार्यसम्पादन करारको शर्तका आधारमा तीन र पाँच वर्षमा निजको मूल्याङ्कन गरिनेछ । कार्यसम्पादन सन्तोषजनक भएमा पुनः एक पटक करार अवधि थप गर्न सकिनेछ।

घ) कार्यसम्पादन सन्तोषजनक नभएमा विद्यालय व्यवस्थापन समितिले करार सम्झौता भङ्ग गरी पदबाट हटाउन सक्नेछ। तर, यसरी पदबाट हटाउनु अघि सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन।

### ८.१.१ सेवा सुविधा

क) छनौट भएका प्रधानाध्यापकलाई निजले खाइपाई आएको तलब स्केलको १० प्रतिशत बराबरको रकम प्रधानाध्यापक भत्ता उपलब्ध गराइनेछ । साथै अन्य सुविधाको हकमा विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ।

ख) शिक्षा नियमावलीमा व्यवस्था भएअनुसार विदाको सुविधा उपलब्ध गराइनेछ।

### ८.१.२ विद्यालय विकास प्रस्ताव मूल्याल्याङ्कन समिति

प्रधानाध्यापकमा करार नियुक्ति हुन चाहने व्यक्तिले तयार पार्ने विद्यालय विकास प्रस्तावको ढाँचा अनुसूची ३ र प्रस्ताव मूल्याङ्कनको आधार अनुसूची ४ बमोजिम हुनेछ । प्रस्ताव मूल्याङ्कनका लागि देहायबमोजिमको एक छनौट समिति रहनेछः

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्षले तोकेको व्यक्ति संयोजक

ख) स्थानीय तहको शिक्षा हेर्ने अधिकृत प्रतिनिधि सदस्य

ग) गाउँ शिक्षा समितिले मनोनित गरेको विज्ञ १ जना सदस्य

यस प्रयोजनका लागि विज्ञ भन्नाले शिक्षा शास्त्र सङ्कायमा न्यूनतम स्नातकोत्त तह उत्रीण गरी कम्तीमा स्नातक तहमा अध्यापनरत व्यक्तिलाई जनाउनेछ ।

**८.१.३ प्रधानाध्यापकको योग्यता र नियुक्ति प्रक्रिया देहायबमोजिम हुनेछ**

अ) नमुना माध्यमिक विद्यालय सञ्चालनका लागि नियुक्ति गरिने प्रधानाध्यापकको योग्यता देहायबमोजिम हुनेछ ।

क) निम्न माध्यमिक वा माध्यमिक तहमा कम्तीमा ५ वर्ष स्थायी शिक्षण अनुभव भएको शिक्षक

ख) स्नातक तह उत्रीण गरेको

ग) उच्च नेतृत्व क्षमता भएको

घ) विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोग सम्बनधमा जानकार भएको

ङ) विद्यालय विकास प्रस्ताव तथा वैयक्तिक विवरण सम्बनधी अनुसूची ७ बमोजिमको मूल्याङ्कनमा कम्तीमा ७० प्रतिशत अङ्क ल्याएका मध्येबाट उच्चतम अङ्क प्राप्त गरेको

आ) नमुना विद्यालय सञ्चालनका लागि प्रधानाध्यापक नियुक्ति गर्दा देहायका प्रक्रिया पूरा गर्नुपर्नेछ ।

क) यस कार्यविधिमा व्यवस्था गरिएको विद्यालय विकास प्रस्ताव मूल्याङ्कन समितिले विद्यालय विकास प्रस्तावको मूल्याङ्कन गर्नुपर्नेछ ।

ख) प्रस्तावमा विद्यालयको विद्यमान शैक्षिक, आर्थिक, भौतिक तथा मानवीय पक्षसँग सम्बन्धित विवरण संलग्न हुनुपर्नेछ ।

**८.२ प्रधानाध्यापकको काम कर्तव्य र अधिकारः**

प्रचलित शिक्षा ऐन तथा नियमावली तोकिएको काम कर्तव्य र अधिकारका अतिरिक्त देहायका काम कर्तव्य र अधिकार हुनेछन्

क) विद्यालय सुधार योजना र वार्षिक बजेट तथा कार्यक्रम तयार गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्ने ,

ख) विद्यालय छात्रावास रेखदेख, सञ्चालन र व्यवस्थापनका लागि प्रबन्ध मिलाउने,

ग) विभिन्न उपसमितिहरू, विषय प्रमुखहरू, सहायक प्रधानाध्यापक लगायत सरोकारवाला निकायहरू बीच समन्वय गरी विद्यालय सम्बन्धी कार्यक्रम तथा प्रगति विवरण विद्यालय व्यवस्थापन समितिलाई नियमित जानकारी गराउने,

घ) सम्भावित जोखिमहरूको पहिचान गरी न्यूनीकरणका लागि क्रियाशील रहने,

ङ) विद्यालयको समग्र पक्षको अनुगमन योजना बनाई नियमित अनुगमन गर्ने गराउने ,

च) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको सक्षमता अभिवृद्धिका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

छ) विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग कार्यसम्पादन करार गरी सोको मूल्याङ्कनको आधारमा प्रोत्साहन गर्ने

ज) विद्यालयका लागि खरिद योजना निर्माण गरी कार्यान्वयन गर्ने गराउने,

ज) प्रचलित शिक्षा ऐन, नियम, निर्देशिका तथा विद्यालय विनियमावलीमा भएका प्रावधानहरूको कार्यान्वयनको सुनिश्चितता गर्ने ।

**८.३ शिक्षक व्यवस्था**

**८.३.१** सङ्घीय शिक्षा नियमावलीमा व्यवस्था भएअनुसार आधारभूत तहको कक्षा १-५ सम्मको हकमा विद्यार्थी सङ्ख्याको आधारमा कक्षा ६-८ तथा माध्यमिक तहको हकमा तह, विषय र विद्यार्थी सङ्ख्याको आधारमा शिक्षकको व्यवस्था गरिनेछ । आधारभूत तह कक्षा ६-८ र माध्यमिक तहको हकमा अङ्ग्रेजी, विज्ञान र गणित शिक्षकको सुनिश्चितता हुनुपर्नेछ ।

**८.३.२ माथि उल्लेख भएको विषयगत शिक्षकका अतिरिक्त विद्यालयको आवश्यकतानुसार देहाय बमोजिमका शिक्षक हुनेछन्**

- कम्प्युटर\सूचना प्रविधि (ICT) शिक्षक,
- कला तथा सङ्गीत शिक्षक,
- खेलकुद शिक्षक,
- प्रारम्भिक बालबिकास सहजकर्ता\शिक्षक ।

**८.३.३** प्रति कक्षा विद्यार्थी आकार ३० जनालाई मानी थप शिक्षक व्यवस्थापन गर्नुपर्ने छ । यसरी थप गरिएको शिक्षक सेवा करारका हुनेछन् । सेवा करारका शिक्षकहरूको सेवा सुविधा विद्यालय विनियमावलीमा उल्लेख भएबमोजिम हुनेछ ।

**८.३.४** सरकारी स्रोतबाट अनुदान प्राप्त गर्ने मौजुदा शिक्षकहरूका हकमा कुनै शिक्षक अन्यत्र जान चाहेमा सो अवसर प्रदान गर्ने।

**८.३.५** रिक्त हुन आएका पदमा विद्यालयले करारमा शिक्षक नियुक्ति गर्ने, स्थायी शिक्षक सरुवाका लागि विद्यालयले अनुरोध गरेमा गाउँपालिकाले सोही अनुसार शिक्षक व्यवस्थापन गर्न सक्नेछ ।

**८.३.६** एउटा कक्षामा सामान्यतया ३० जना विद्यार्थी हुनेछन् । विद्यार्थी सङ्ख्या ४५ वा सो भन्दा बढी भएमा वर्ग खोल्नु पर्नेछ

**८.४ प्रशासनिक कर्मचारी सम्बन्धी व्यवस्था**

नमुना विद्यालयमा तपशील अनुसारका सेवा लिनका लागि एकमुष्ठ अनुदान उपलब्ध गरिनेछ । विद्यालय व्यवस्थापन समितिले सेवा करार मार्फत सेवाको व्यवस्था मिलाउनु पर्नेछ ।

| | |
|---|---|
| क) लेखा तथा कार्यालय व्यवस्थापन | १ जना |
| ख) स्वास्थ्य तथा परामर्श सेवा | १ जना |
| ग) प्रयोगशाला व्यवस्थापन | १ जना |
| घ) पुस्तकालय व्यवस्थापन | १ जना |

यसरी कर्मचारीहरूको व्यवस्था गर्दा विद्यालयले आवश्यकतानुसार कुन तहको राख्ने र सेवा सुविधा दिने भन्ने निर्णय गर्न सक्नेछ ।कर्मचारी व्यवस्थापन गर्दा नियुक्ति, सेवा, तथा सुविधा वि.व्य.सले तोके बमोजिम हुनेछ ।

**८.५ छात्रावास सम्बन्धी व्यवस्था**

**८.५.१ सञ्चालन सम्बन्धी व्यवस्था**

क) छात्रावास वार्डेन सेवाका लगि छात्र र छात्रा छात्रावासका लागि पुरुष र महिला वार्डेन १\१ जनाको व्यवस्था गरिनेछ ।

वार्डेनका लागि कार्यरत शिक्षकलाई नै थप जिम्मेवारी दिनेछ । छात्रावासका आवासीय विद्यार्थीहरूलाई विहान, बेलुका अतिरिक्त समयमा अध्यापन गराउने व्यवस्था मिलाई शिक्षकलाई विद्यालयको वार्षिक कार्यक्रममा उल्लेख भएअनुसार अतिरिक्त सुविधाको व्यवस्था विद्यालयले गर्न सक्नेछ ।

**८.५.२ वार्डेनको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ;**

क) आवासीय विद्यार्थीहरूको आचार संहिता निर्माण र पालना,

ख) होस्टल सञ्चालन तथा व्यवस्थापनका लागि कार्यविधि तर्जुमा गरी विव्यसबाट स्वीकृत गराई कार्यान्वयन गर्ने,

ग) अभिभावकसँग छलफल गरी अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था मिलाउन अभिभावक तथा समाजसेवीबाट थप आर्थिक स्रोत जुटाउने,

घ) आवासीय विद्यार्थीहरूलाई कर्मयोगको माध्यमबाट स्वावलम्बी बनाउन करेसाबारी, भान्सा, सरसफाई लगायतका जीवनोपयोगी सिप प्रवर्द्धन गर्ने,

ङ) आवास व्यवस्थापनमा देखिएको समस्या र निराकरणको योजना प्रधानाध्यापक समक्ष पेस गर्ने,

च) आवास सञ्चालनका लागि विव्यसले तोकिदिएको कार्यादेश पूरा गर्ने गराउने,

छ) आवास व्यवस्थापनमा खटाइएका कर्मचारीको कामको रेखदेख र मूल्याङ्कन गर्ने ।

ज) आवासमा विद्यार्थीको लागि अतिरिक्त सिकाइ तथा खेलकुद सामग्री र मनोरञ्जनात्मक सामग्रीको समुचित व्यवस्थापन र प्रभावकारी परिचालन गर्ने,

ठ) आवासीय विद्यार्थी छनोटमा प्रधानाध्यापक र विद्यालयलाई आवश्यक सहयोग गर्ने,

ड) आवासीय विद्यार्थीका लागि प्राथमिक उपचारको व्यवस्था मिलाउने ।

**८.६ शिक्षकसँग कार्यसम्पादन करार**

प्रधानाध्यापकले सिकाइ उपलब्धि वृद्धि प्रक्षेपण सहितको नतिजा खाकाका आधारमा शिक्षकसँग कार्यसम्पादन करार गर्नुपर्नेछ । यसलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कन तथा प्रोत्साहनको आधारमा बनाइनेछ ।

**८.७ क्षमता विकास सम्बन्धी व्यवस्था**

प्रधानाध्यापक तथा शिक्षकहरूलाई पेशागत विकासका लागि तालिम लगायत विभिन्न कार्यक्रमहरू सञ्चालन गरी नमुना विद्यालय व्यवस्थापन, सञ्चालन तथा गुणस्तर अभिवृद्धि गर्न क्षमता विकास गरिनेछ । क्षमता विकास गर्नुपूर्व आवश्यकताको विश्लेषण गरी तालिम प्याकेज विकास गरिनेछ । साथै असल अभ्यास भएका विद्यालयहरूको अनुभव आदनप्रदान गर्न अन्तर विद्यालय अवलोकन भ्रमण समेत गराउन सकिने छ ।

**८.८ विद्यालय उपलब्धि मापन**

क) नमुना विद्यालयको लागि छनौट भएको विद्यालयमा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट कार्य सम्पादन परीक्षण र विद्यार्थी सिकाइ उपलब्धि परीक्षण गरी आधार रेखा तयार गरिनेछ,

ख) उक्त आधार रेखाका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विकास भएको परीक्षण साधन प्रयोग गरिनेछ,

ग) शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विकास भएको परीक्षण साधन प्रयोग गरी विद्यालयले प्रत्येक वर्ष कार्यसम्पादनको स्वमूल्याङ्कन गरी सार्वजनिक गर्नुपर्नेछ ।

**८.९ प्रोत्साहन सुविधा**

विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थी सिकाइ उपलब्धिको आधारमा प्रोत्साहन सुविधा उपलब्ध गराइनेछ ।

**८.९.१ शिक्षक तथा प्रधानाध्यापक**

विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थी सिकाइ उपलब्धिका आधारमा देखिएको नतिजालाई आधार मानी गाउँपालिकाले सम्मान तथा पुरस्कृत गर्नेछ ।

**८.९.२ विद्यालय**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विद्यालय अनुदान निर्देशिका २०७४ मा व्यवस्था भएअनुसार विद्यालयलाई कार्यसम्पादनका आधारमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।

## परिच्छेद ९
## आर्थिक व्यवस्थापन

**९. कोष सञ्चालन व्यवस्था**

**९.१** प्रचलित शिक्षा ऐन तथा नियमावलीमा भएको व्यवस्थाअनुसारको विद्यालय कोष हुनेछ । नमुना विद्यालय सञ्चालनका लागि प्राप्त हुने सबै प्रकारका रकम उक्त कोषमा जम्मा हुनेछ । विद्यालयलाई प्राप्त हुने सशर्त अनुदानहरू तोकिएको शीर्षकमा तथा निशर्त अनुदानहरू विद्यालयले कार्यविधि बनाई विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्नुपर्नेछ । कोषको सञ्चालन प्रधानाध्यापक तथा विद्यालयको लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ । कोषको लेखापरिक्षण प्रचलित कानुनमा व्यवस्था भएअनुसार हुनेछ ।

**९.२ आन्तरिक स्रोत**

क) अभिभावकबाट प्राप्त हुने सहयोग,

ख) छात्राबास व्यवस्थापनका लागि सहयोग,

ग) आयमूलक कार्यक्रम सञ्चालनबाट प्राप्त आम्दानी,

घ) विद्यालयका पूर्वाधार, औजार, सेवासुविधा उपयोग गर्न दिए बापत प्राप्त हुने आम्दानी ।

**९.३ गाउँपालिकाबाट प्राप्त हुने अनुदान**

क) विद्यालयको विकास तथा सञ्चालनका लागि गाउँपाकिकाबाट प्राप्त हुने अनुदानहरू ।

**९.४ दान दातव्य, चन्दा, उपहार**

क) विद्यालयको विकास तथा सञ्चालनका लागि व्यक्ति वा संस्थाबाट प्राप्त रकम,

ख) विद्यालयको अभिलेखमा जनाई आम्दानी बाँधी राखिएका जिन्सी सामग्रीहरू ।

**९.५ अन्य स्रोतबाट प्राप्त हुने रकम**

क) उल्लिखित स्रोतबाहेकका सरकारी, गैरसरकारी तथा अन्य स्रोतबाट प्रप्त हुने अनुदानहरू ।

**९.५.१** विद्यालयले आवश्यकतानुसार आर्थिक व्यवस्थापन, शिक्षक व्यवस्थापन, छात्रावास लगायत व्यवस्थापन लगायतका विषयमा विनियम बनाई कार्यान्वयन गर्नुपर्नेछ ।

**९.६ प्रचलित शिक्षा ऐन तथा नियमावलीसँग बाझिएका प्रावधानहरूको हकमा उक्त ऐन तथा नियमावली बमोजिम नै हुनेछ ।**

**९.७ विभागीय कार्यवाही**

प्रचलित शिक्षा ऐन तथा नियमावली र यस कार्यविधिमा उल्लेख भए अनुसारको व्यवस्था विद्यालयले पालना नगरेमा सम्बन्धित पदाधिकारीलाई विभागीय कार्वाही तथा नमुना विद्यालय सञ्चालनको कोटा खारेजी समेत हुन सक्नेछ ।

**९.८ यस कार्यविधिमा लेखिएका विषयमा कुनै द्विविधा उत्पन्न भएमा गा.पा.ले गरेको व्याख्या अन्तिम हुनेछ ।**

## अनुसूची १

### आवासीय छात्रावृत्तिका लागि निवेदन

श्री प्रधानाध्यापकज्यू, मितिः

..............विद्यालय

......................

विषयः आवासीय छात्रावृत्ति सम्बनधमा।

महोदय,

प्रस्तुत विषयमा मलाई.........................भएको कारणले घरदेखि विद्यालयसम्म दैनिक आउन जान असहज भएकाले यस विद्यालयको आवासीय विद्यार्थी कोटाअन्तरगत छनौटका लागि अनुरोध गर्दछु ।

निवेदक

विद्यार्थीको हस्ताक्षरः

नाम

कक्षा

ठेगानाः

अभिभावकको नामः

हस्ताक्षरः

नोटः निवेदनका साथ सम्बन्धित स्थानीय तहको सिफारिस पेश गर्नु पर्नेछ ।

## <u>अनुसूची २</u>

स्वास्थ्य सेवा तथा प्राथमिक उपचार कक्षमा हुनुपर्ने न्यूनतम सामग्रीहरू

**१ उपकरण**

| सिन | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | कैँची | १ |
| २ | ट्वीजर | १ |
| ३ | नेल कटर | 5 |
| ४ | स्टील ग्लास | 1 |
| ५ | प्लाष्टिक बाटा | 2 |
| ६ | नाप्ने गिलास | 1 |
| ७ | फोरसेभ | 1 |
| ८ | थर्ममिटर | 2 |
| ९ | टर्चलाइट र व्याट्री | 1 |
| १० | प्लाष्टीक मग | 1 |
| ११ | साबुनको बट्टा | 1 |
| १२ | सानो कचौरा | 1 |

**२. औषधीहरु**

| सिन | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | पारासिटामोल | २० |
| २ | भिष्को(एण्टासिट) चक्की | 20 |
| ३ | सेट्रेजिन चक्की | 20 |
| ४ | मेट्रोनिडाजोल चक्की (आँखामा हाल्ने थोपा) | 20 |
| ५ | मेट्रोक्याप्यारामिड चक्की (आँखामा हाल्ने थोपा) | ५ |
| ६ | क्लोरोरामफेनिकल | |
| ७ | नवजीवन प्याकेट | १० |
| ८ | पेभिडोन आयोडिन सोलुसन | 2 |
| ९ | डोलोफिन जेल | 2 |
| १० | नेस्पोरिन मल्हम | 2 |
| ११ | एडेसिभ व्यान्डेज | 20 |
| १२ | नीर्मलीकृत गज | 10 |
| १३ | एडेसिभ टेप | 3 |

| | | |
|---|---|---|
| १४ | कपास (कटन) | 1 |
| १५ | कटन व्यान्डेज | 6 |
| १६ | मेडिकल ग्लोब | 2 |
| १७ | डिटोल साबुन | 1 |

## अनुसूची ३

## विद्यालय विकास प्रस्तावको ढाँचा

१. परिचय

२. दूरदृष्टि, लक्ष्य, उदेश्य

३. विद्यालयको विद्यमान अवस्था

**निम्न सूचनामा आधारित भई विश्लेषण गर्ने**

क) सेवाक्षेत्रको जनसंख्या

ख) विद्यालयको भौतिक अवस्था

ग) विद्यालयको शैक्षिक अवस्था

घ) विद्यालय समुदायको सम्बनधमा

ङ) विद्यालयको आर्थिक अवस्था

**४) प्रस्तावित योजना ( रणनीतिक तथा कार्यनीति सहित)**

क) शैक्षिक

ख) भौतिक

ग) आर्थिक

घ) व्यवस्थापकीय

**५) वार्षिक कार्यान्वयन कार्ययोजना**

क) आर्थिक व्ययभार पर्ने र नपर्ने क्रियाकलापहरू समावेस गरी कार्ययोजना प्रस्तुत गर्नुपर्नेछ

**६) संस्थागत क्षमता विकास**

क) जनशक्ति विकास

ख) भौतिक संरचना विकास

## अनुसूची ४

## प्रधानाध्यापक छनौट तथा मूल्याङ्कनको आधार

१) वैयक्तिक विवरण ३० अङ्क

न्यूनतम शैक्षिक योग्यता (प्रतम श्रेणी भए १०, द्वितीय श्रेणी ८, तृतीय श्रेणी ६) १०

क) माथिल्लो शैक्षिक योग्यता वापत ( प्रथम श्रेणी ५, द्वितीय श्रेणी ३, तृतीय श्रेणी २) ५

ख) अनुभव ( प्रति वर्ष १ अङ्कका दरले) १०

ग) न्यूनतम ३० कार्यदिनको व्यवस्थापन तालिम वापत (प्रथम श्रेणी ५, द्वितीय श्रेनी ३, तृतीय श्रेणी२) ५

२) विद्यालय विकास प्रस्ताव ७० अङ्क

क) दूरदरष्टि, लक्ष्य, उदेश्य ५

ख) विद्यालयको विद्यमान अवस्थाको विश्लेषण १०

ग) प्रस्तावित विद्यालय विकास योजना

(रणनीति र कार्यनीति सहित) ४०

शैक्षिक १५

भौतिक ५

आर्थिक ५

व्यवस्थापकीय १५

घ) वार्षिक कार्यान्वयन कार्ययोजना १०

ङ) संस्थागत क्षमता विकास योजना ५

## अनुसूची ५

### नमुना माध्यमिक विद्यालय छनोटका लागि दिइने आवेदन

श्री शिक्षा, युवा तथा खेलकुद शाखा
मैवाखोला गाउँ कार्यपालिकाको कार्यालय
साँघु, ताप्लेजुङ।

विषयः नमुना विद्यालय छनोट सम्बन्धमा।

प्रस्तुत विषयमा ...............को मिति............................मा प्रकाशित सूचना अनुसार शैक्षिक सत्र....................देखि......................विद्यालयले नमुना विद्यलाय विकास एवं सञ्चालन निर्देशिका २०७४ (संसोधन सहित) मा तोकिएका न्यूनतम सर्तहरू पूरा गरेको हुनाले नमुना विद्यालयको रूपमा छनोट हुन देहाय अनुसारका विवरणसहित निवेदन पेश गरिएको छः

**तपशील**

विद्यालयको विवरण

१) विद्यालयको नामः

२) ठेगानाः

............................गाउँपालिका..............वडा नं.......................

...............गाउँ\टोल.....................फोन नं................................फ्याक्स नं...............इमेल..........................वेभ साइट........................... ।

३. विद्यालयको किसिमः

१) सार्वजनिक
२) सार्वजनिक गुठी
४) सञ्चालित कक्षा.............
५) विद्यालयको विवरण

| क्र.सं. | सूचक | विवरण | | | |
|---|---|---|---|---|---|
| १ | माध्यमिक तह ९-१२ मा पढाइ हुने विषयहरू | क) विज्ञान विषय समूह.....................<br>ख) वाणिज्य समूह .................<br>ग) मानविकी विषय समूह ................<br>घ) शिक्षा विषय समूह................<br>ङ) प्राविधिक विषय धार समूह............ | | | |
| २ | विद्यालयसवग भएको जगगा | क)..............विगाह<br>ख)...............रोपनी | | | |
| ३ | विद्यार्थी सङ्ख्या | क) पूर्व प्राथमिक कक्षाको विद्यार्थी सङ्ख्या.........<br>ख) आधारभूत तह कक्षा १-८ को विद्यार्थी सङ्ख्या...... | | | |
| ४ | विगत तीन वर्षको | विवरण | शैक्षिक सत्र | शैक्षिक वर्ष | शैक्षिक वर्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| | SEE\SLC (नतिजा पुरक परीक्षा सहित) | सम्मिलित सङ्ख्या | | | |
| | | उत्तर्णी GPA 1.6 भन्दा बढी सङ्ख्या | | | |
| ५ | विद्युत र इन्टरनेटको पहुँच | क). विद्यालयमा राष्ट्रिय वा स्थानीय प्रशारणबाट विद्युत आपूर्ति व्यवस्था भएको, नभएको.........<br>वैकल्पिक उर्जाको व्यवस्था भएको, नभएको..........<br>ख) विद्यालयमा इन्टरनेट पहुँच भएको, नभएको...... | | | |
| ६ | विद्यालयको अवस्थिति | क) विद्यालय हातासम्म बाह्रै महिना सवारी साधन पुग्न सक्ने वा नसक्ने....<br>ख) कच्ची वा पक्की मोटर बाटो...........<br>ग) सवारी साधन पुग्ने स्थानबाट विद्यालय सम्मको दुरी........ | | | |

**६) संलग्न गर्नुपर्ने कागजातहरू**

१. विद्यालयको नाममा भएको जग्गा धनी प्रमाण पत्र

**आज्ञाले**
**लक्ष्मी माया गोम्देन**
**प्रमुख प्रशासकीय अधिकृत**